# “स्नातक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था”

**शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत**

**शोधपत्र**


**प्रस्तुतकर्ता**

**मिलन पहाडी**

**एम.एड. दोस्रो वर्ष**

**परीक्षा रोल नं.: २८००५८/०६५**

**त्रि.वि. दर्ता नं.: ९-१-२१-१००-२००१**

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**


**२०६९**

“स्नातक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था” पा.मू. ३८६ – मिलन पहाडी (२०६९)

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र संकाय**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विषयको आंशिक आवश्यकता पुरा गर्न छात्रा सुश्री मिलन पहाडीले "स्नातक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयन" शीर्षकमा केन्द्रित भई प्रारम्भ गरेको शोध अनुसन्धान कार्य मेरो निर्देशनमा पूरा गर्नुभएको हो । उहाँले पूरा गर्नुभएको यस शोध प्रतिवेदनको प्रस्तुतीकरण र निष्कर्षबाट म सन्तुष्ट छु । यो शोध प्रतिवेदनको मूल्याङ्कका लागि मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

मितिः १६ मार्च २०१२

.................................

विश्वबाला थापा

शोधनिर्देशक

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र संकाय**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

# स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं स्नातकोत्तर दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विषयको आंशिक आवश्यकता पूरा गर्न छात्रा सुश्री मिलन पहाडीले "स्नातक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयन" शीर्षकमा शोध अध्ययन कार्य पूरा गरी स्वीकृतिको लागि प्रस्तुत गर्नुभएको शोधप्रतिवेदनलाई यस मूल्याङ्कन समितिबाट स्वीकृत गरियो ।

**मूल्यांकन समिति** **हस्ताक्षर**

.................................

विभागीय प्रमुख

................................. ..............................

वाह्य परीक्षक

.................................

विश्वबाला थापा

शोधनिर्देशक

मितिः २३ फेव्रुअरी २०१२

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय स्नातकोत्तर दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार पारिएको हो । यो अध्ययन "स्नातक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था" शीर्षकमा केन्द्रित गरिएको छ ।

यस अध्ययनका लागि प्रस्तावना लेखन तथा सूचना संकलन प्रक्रियामा आवश्यक सहयोग एवं सुझाव प्रदान गर्नुहुने यस पाठ्यक्रम तथा मूल्याङ्कन विभागका विभागीय प्रमुख आदरणीय गुरु स्वयम प्रकाश जवरा ज्यूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यसैगरी यस अनुसन्धानको प्रस्तावना लेखन देखि शोधपत्र तयारी गर्ने क्रममा आफ्नो अमूल्य समय, गहन मार्ग दर्शन गरिदिनु भई आवश्यक तथ्याङ्क संकलन प्रक्रिया तथा सन्दर्भसामग्री संकलन गर्न र यस शोधपत्रको प्रारुप तयार पारी अध्ययन कार्यलाई सफल पार्न भरपुर सहयोग, सल्लाह एवं कुशल निर्देशन प्रदान गर्नुहुने गुरुमा विश्वबाला थापा ज्यूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

यसैगरी तथ्याङ्क संकलनमा भरपुर सहयोग गर्नुहुने गुरु ऋतुराज धमला र मित्रहरु चक्रबहादुर धामी र सिर्जना खनियालाई धन्यवाद ज्ञापन पर्दछु । त्यस्तै कम्प्युटर टाइप गरी सहयोग पुऱ्याउनु हुने आर.पी. कम्प्युटर सेन्टर, कीर्तिपुर, पाँगाका रामकृष्ण महर्जनलाई धन्यवाद ज्ञापन गर्दछु ।

मिलन पहाडी

# शोधसार


यो अध्ययन "**स्नातक तहमा अभ्यास शिक्षण कार्यक्रमको अवस्था**" पत्ता लगाउन गरिएको थियो । यसका उद्देश्यहरुमा अभ्यास शिक्षण कार्यक्रमको अवस्था पत्ता लगाउने, छात्र शिक्षकहरुमा विकास भएका शिक्षण सीपको पहिचान गर्ने, अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनमा आएका समस्याहरु पत्ता लगाउने र  सुधारका उपायहरु खोजी गरी आगामी दिनहरुमा यस कार्यक्रमलाई अझ प्रभावकारी रुपमा लैजान आवश्यक सुझावहरु प्रदान गर्ने रहेको थियो ।

सिन्धुली जिल्लामा संचालन भएका १४ वटा स्नातक तहका क्याम्पसहरु मध्ये नमूना छनोट, गोलाप्रथाद्वारा यस अध्ययनले शिक्षाधार तर्फका २ वटा क्याम्पसहरुलाई छनोट गरी शोधकार्यको लागि प्रयोग गरेको थियो । यस अध्ययन कार्यमा आवश्यक तथ्याङ्क संकलन गर्न २ वटा स्नातक तहका प्राचार्य, ४ वटा सहयोगी विद्यालयका प्र.अ.हरु र जनसंख्या विषयका ८ जना र नेपाली विषयका ८ जना गरी १६ जना विद्यार्थीहरुलाई छनोट गरी अध्ययन कार्यमा प्रयोग गरिएको थियो ।

अध्ययन कार्यको लागि आवश्यक तथ्याङ्क संकलन गर्न खुल्ला तथा बन्द प्रश्नावली, कक्षा अवलोकन फारम, अन्तर्वार्ता निर्देशिका र मौखिक प्रश्नहरुको प्रयोग भएको थियो । शोध तथ्याङ्कको विश्लेषण गर्दा यस तहमा अभ्यास शिक्षण कार्यक्रमको कार्यान्वयन अवस्था प्रभावकारी नै देखिए पनि केहि विद्यालयमा भने राम्रोसँग लागु गरेको पाईएन । अभ्यास शिक्षणबाट छात्र शिक्षकहरुमा विभिन्न शिक्षण सीप जस्तैः दैनिक पाठयोजना निर्माण, शैक्षणिक उद्देश्य निर्माण, शैक्षणिक सामग्री निर्माण र प्रयोग, शैक्षणिक क्रियाकलाप र मूल्याङ्कन साथै गृहकार्य जस्ता कुराहरुमा परिवर्तन आएको देखियो । त्यसका साथै कक्षाकोठा व्यवस्थापन, कालोपाटीको प्रयोग विद्यार्थी सहभागिता, कलाको विकास, पाठसारको प्रस्तुती क्षमता र विद्यार्थीलाई आकर्षण गर्न सक्ने गरी कक्षा क्रियाकलापमा संचालन गरेको पाइयो ।

यस अध्ययनलाई समग्रमा हेर्दा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनबाट उद्देश्य निर्माण, सामाग्री प्रयोग, विधिको छनोट, मूल्याङ्कन सीपमा परिवर्तन भएको पाइयो भने नियमानुसार कार्यक्रम संचालनमा प्रभावकारिता देखिएन । यसको कारण उचित नीतिको अभाव, पाठ्यक्रमको उपलब्धता नहुनु, आन्तरिक सुपरिवेक्षकबाट सुधारको लागि पृष्ठपोषण प्राप्त नहुनु, अभ्यासको लागि सहयोगी विद्यालय र कक्षा नहुनु आदि रहेको पाइयो । समग्र कार्यक्रमसँग सम्बन्धित हुँदै आएका छात्र शिक्षकले भोगेका समस्यालाई पनि निम्न रुपमा उल्लेख गर्न सकिन्छः आफूलाई पायक पर्ने ठाउँमा सहयोगी विद्यालय नपाउनु, विद्यालय समयभरि विद्यालयमा बस्नु पर्ने, प्रार्याप्त शैक्षिक सामग्री नहुनु तथा बनाउने सीपको अभाव छात्र शिक्षकले सामाग्री निर्माण तथा अन्य कार्यमा खर्च गर्न असमर्थ हुनु आदि समस्या रहेका छन् ।

# विषयसूची

| | | |
|---|---|---|
| | | *पेज नं.* |
| सिफारिस पत्र | | |
| स्वीकृति पत्र | | |
| कृतज्ञताज्ञापन | | |
| शोधसार | | |
| **अध्याय- एक : परिचय** | | **१-६** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ३ |
| १.३ | अध्ययनको उद्देश्यहरु | ४ |
| १.४ | अध्ययनको औचित्य | ४ |
| १.५ | अध्ययनको सिमाङ्कन | ५ |
| १.६ | अध्ययनको क्षेत्रको परिचय | ५ |
| **अध्याय- दुई : सम्बन्धित साहित्यको पुनरावलोकन** | | **७-११** |
| २.१ | सैद्धान्तिक साहित्यको समीक्षा | ७ |
| २.२ | पूर्व अनुसन्धानात्मक साहित्यको समीक्षा | ८ |
| २.३ | अवधारणा ढाँचा | ११ |
| **अध्याय- तीन : अध्ययन विधि** | | **१२-१६** |
| ३.१ | अध्ययनको ढाँचा | १२ |
| ३.२ | नमूना छनौट | १२ |
| | ३.२.१ स्नातक तहका क्याम्पसको छनौट | १३ |
| | ३.२.२ सहयोगी विद्यालयको छनौट | १३ |
| | ३.२.३ क्याम्पस प्रमुखको छनौट | १३ |
| | ३.२.४ सहयोगी विद्यालयका प्र.अ.को छनौट | १३ |
| | ३.२.५ सहयोगी विद्यालयका शिक्षकको छनौट | १३ |
| | ३.२.६ छात्र शिक्षकको छनौट | १३ |
| ३.३ | साधनको निर्माण | १४ |
| | ३.३.१ छात्र शिक्षकको लागि कक्षा अवलोकन फाराम | १५ |
| | ३.३.२ प्राचार्य/प्र.अ. अन्तर्वार्ता निर्देशिका | १५ |
| | ३.३.३ शिक्षकको लागि अन्तर्वार्ता प्रश्नावली | १५ |
| ३.४ | साधनको वैधता | १५ |
| ३.५ | तथ्याङ्क विश्लेषण प्रक्रिया | १५ |

**अध्याय- चार : तथ्याङ्कको विश्लेषण र व्याख्या** **१७-२८**
४.१ अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयन प्रक्रिया १७
४.२ अभ्यास शिक्षणबाट छात्र शिक्षकहरुमा विकास भएका ज्ञान तथा सीपहरु १८
४.२.१ छात्र शिक्षकहरुले कक्षा कोठामा गर्ने विभिन्न क्रियाकलापहरु १८
४.२.२ शैक्षणिक सामग्रीको प्रयोग २३
४.२.३ शिक्षण विधिको छनोट एवं प्रयोग २४
४.२.४ अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयन गर्दा विद्यालय तथा क्याम्पसले भोग्नु परेका समस्या २६
४.२.५ अभ्यास शिक्षणको क्रममा छात्र शिक्षकहरुले भोग्नु परेका समस्याहरु २६
४.२.६ प्राचार्य तथा प्रधानाध्यापकको प्रतिक्रिया २७
४.२.७ छात्र शिक्षकहरुको प्रतिक्रिया २८

**अध्याय- पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु** **२९-३२**
५.१ प्राप्ति २९
५.२ निष्कर्ष ३०
५.३ सुझावहरु ३१

**सन्दर्भसूची** **३३**
**अनुसूचीहरु**

## तालिका सूची

*पेज नं.*

तालिका नं. ३.१ : छनौटमा परेका स्नातक तहका प्राचार्य र छात्र शिक्षकहरुको छनौट
तालिका नं. ३.२ : प्र.अ. तथा शिक्षक छनौट तालिका
तालिका नं. ४.१ : विषयगत संरचना र पूर्णाङ्क
तालिका नं. ४.२ : छात्र शिक्षकहरुले कक्षाकोठामा गरेका विभिन्न क्रियाकलापहरु
तालिका नं. ४.३ : शैक्षिक सामग्रीको प्रयोग
तालिका नं. ४.४ : शिक्षण विधिको छनोट एवं प्रयोग

## चित्र सूची

*पेज नं.*

चित्र नं. ३.१ : तथ्याङ्क विश्लेषण प्रक्रिया
चित्र नं. ३.२ : तथ्याङ्क विश्लेषण ढाँचा